लुम्बिनी प्रदेश सरकार

आन्तरिक मामिला, कानुन, उद्योग तथा यातायात मन्त्रालय

राप्ती उपत्यका (देउखुरी), नेपाल

# सतर्कताका लागि अनुरोध

नेपाल मौसम विज्ञान विभागद्वारा मिति २०८३ असोज ५ गते, सोमबार दिउँसो जारी गरिएको विशेष मौसमी बुलेटिनअनुसार आगामी असोज ९ गते शुक्रबारदेखि असोज ११ गते आइतबारसम्म लुम्बिनी प्रदेशका केही स्थानमा मेघगर्जन/चट्याङ/हावाहुरीसहित भारीदेखि धेरै भारी वर्षा तथा एक–दुई स्थानमा अति भारी वर्षा हुने सम्भावना रहेको छ। उक्त अवधिमा देशका अधिकांश स्थानमा मेघगर्जन/चट्याङसहित मध्यम वर्षाको सम्भावना रहेको छ।

**लुम्बिनी प्रदेशमा भारीदेखि धेरै भारी वर्षाका कारण बाढी, पहिरो, गेग्रान बहाव तथा शहरी र तराई क्षेत्रमा डुबानको जोखिम हुन सक्ने भएकाले आवश्यक सतर्कता अपनाउन तथा पूर्वतयारीका लागि निम्न कार्यहरू गर्न/गराउन सम्बन्धित सबैमा अनुरोध छः**

- रातिको समयमा अत्यधिक वर्षा भइरहेको छ भने जोखिमयुक्त सडकमा सकेसम्म यात्रा नगर्ने। यात्रा गर्नैपर्ने अवस्थामा सडकको अवस्था र स्थानीय प्रशासन तथा यातायात सम्बन्धी सूचना बुझेर मात्र यात्रा गर्ने।
- सम्बन्धित जिल्ला, स्थानीय तह, तीनवटै सुरक्षा निकाय, स्वयंसेवक तथा अन्य सरोकारवाला निकायहरूले आम सर्वसाधारणलाई सुसूचित गराई आवश्यक प्रतिकार्यका लागि तयारी अवस्थामा रहने।
- सडकमा पहिरो, ढुङ्गा खस्ने, सडक भासिने वा पानीको बहाव बढेको अवस्था देखिएमा जोखिम मोलेर बाटो पार नगर्ने। सुरक्षित स्थानमा रोकिने र सम्बन्धित निकायलाई जानकारी गराउने।
- सम्भव भएसम्म सम्बन्धित निकायले जोखिमयुक्त राजमार्ग तथा सडकहरूमा डोजर, एक्साभेटर, लोडरलगायत आवश्यक उपकरण तथा साधनहरू तयारी अवस्थामा राख्ने।
- जिल्ला तथा स्थानीय विपद् व्यवस्थापन समिति, वडा कार्यालय, आपत्कालीन कार्य सञ्चालन केन्द्र तथा सुरक्षा निकायबाट जारी हुने निर्देशनको सबैले पालना गर्ने।
- जिल्ला सुरक्षा समिति, स्थानीय तह, सुरक्षा निकाय तथा स्वयंसेवकहरूले पूर्वसूचनाका आधारमा जोखिमयुक्त स्थानमा बसोबास गर्ने व्यक्ति तथा घरपरिवारलाई विपद् हुनुपूर्व नै सुरक्षित स्थानमा स्थानान्तरण गर्न आवश्यक पहल गर्ने।
- आकस्मिक बाढी आउन सक्ने खोला, खहरे तथा नदी किनारका बस्ती, पहिरोको जोखिमयुक्त स्थान लगायतका क्षेत्रमा बसोबास गर्ने बासिन्दाहरूले विशेष रूपमा चनाखो भइ सुरक्षित स्थानमा सर्ने।
- नदी तथा खोलाको किनारमा पानीको सतह तीव्र रूपमा बढ्दै गएको, पानी धमिलो भएको, ढुङ्गा वा रुख बगाउँदै आएको देखिएमा वा असामान्य आवाज आएको सुनिएमा तुरुन्तै अग्लो र सुरक्षित स्थानतर्फ जाने।
- जोखिमा क्षेत्रमा रहेका गर्भवती, सुत्केरी, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा अन्य सहयोग आवश्यक पर्ने व्यक्तिको पहिचान गरी विपद्को अवस्थामा उनीहरूको सुरक्षित स्थानान्तरण र सहयोगका लागि योजना बनाउने।
- पशुचौपाया, खाद्यान्न, औषधी, महत्वपूर्ण कागजात तथा अन्य आवश्यक सामग्री सुरक्षित स्थानमा राख्ने।
- नेपाल मौषम विज्ञान विभाग, सङ्घीय सरकार, प्रदेश सरकार, स्थानीय तह तथा सुरक्षा निकायबाट जारी हुने आधीकारीक पूर्वानुमान, पूर्वसूचना तथा चेतावनीबारे नियमित जानरकारी लिने तथा निर्देशलनको पालना गर्ने।
- हाल धानबाली भित्र्याउने किसान दाजुभाई तथा दिदि बहिनीहरूलाई मौसमको सूचना अनुसार खेति भित्र्याउन समेत अनुरोधछ।
- नेपाल मौसम विज्ञान विभाग तथा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणबाट जारी हुने अद्यावधीक मौसम पूर्वानुमान, पूर्वसूचना तथा चेतावनी सम्बन्धी जानकारी नियमित रूपमा लिइरहनुहुन अनुरोध छ।

| सम्पर्क निकाय | सम्पर्क नम्बर |
|---|---|
| सम्बन्धित जिल्ला प्रशासन कार्यालय | |
| सम्बन्धित स्थानीय तह | |
| वर्षा तथा बाढीसम्बन्धी जानकारीका लागि | ११५५ |
| विपद्को समयमा सहयोग आवश्यक परेमा | १२३४ |
| नेपाल प्रहरीको हटलाइन | १०० |
| सशस्त्र प्रहरी बल नेपालको हटलाइन | १११४ |

२०८३/०६/०६

(सुरेशचन्द्र आचार्य)
वरिष्ठ उपसचिव

सतर्क रहौं, पूर्वतयारी गरौं र सम्भावित विपद्को जोखिम न्यूनीकरणमा सहयोग गरौं।